आज मिति २०८०।१२।२५ गते आइतवारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेलज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको वैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

आ.व.: २०८०।८१ वैठक सङ्ख्या: २७ समय : विहान ११:०० बजे स्थान: गाउँपालिका भवन

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख बहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान बहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुँवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत बहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केशरमान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | |
| १५ | सदस्य | श्री चमेली परियार | |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | |
| १९ | सचिव | श्री सुदर्शन भट्टराई | |

सहजकर्ता कर्मचारी:

१. श्री यज्न कुमार बस्नेत

२. श्री अमर कुमार श्रीवास्तव

सहयोगी कर्मचारी:

१. श्री अमिता लामा

भुम्लु गाउँकार्यपालिका बैठक आ.व: २०८०।८१ बैठक सङ्ख्या:२७ मिति २०८० चैत्र २५

## प्रस्तावहरु:

१. २६औं बैठक समिक्षा सम्बन्धमा।
२. प्राप्त परिपत्रको जानकारी सम्बन्धमा।
३. वडास्तरीय योजना सम्झौता सम्बन्धमा ।
४. लक्षित बजेट कार्यान्वियन सम्बन्धमा।
५. बालमैत्री वडा घोषणाका लागि वडा छनौट सम्बन्धमा।
६. आर्थिक सहायता सम्बन्धमा।
७. सवारीसाधन मर्मत निरीक्षण समिति गठन सम्बन्धमा।
८. विद्यालय समायोजन अनुमोदन सम्बन्धमा।
९. स्थानीय पाठ्यपुस्तक अनुमोदन सम्बन्धमा।
१०. भुम्लु गानको रेकर्डींङ सम्बन्धमा।
११. अख्तियारी दिने सम्बन्धमा।
१२. विविध।

## निर्णयहरु:

१. गत २५औं कार्यपालिकाको बैठकमा भएका निर्णय कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।
२. संघ, प्रदेश र अन्य निकायबाट प्राप्त परिपत्र सम्बन्धमा जानकारी लिइयो ।
३. वडास्तरीय योजना २०८० चैत्र मसान्त भित्र सम्झौता गर्ने निर्णय गरियो।
४. लक्षित बजेट कार्यान्वयन गर्नका लागि लक्षित वर्गहरुको भेला मिति २०८१ बैशाख ५ गते बुधवारका दिन पालिकामा बोलाउने निर्णय गरियो ।
५. बालमैत्री वडा घोषणाका लागि ६ नं. वडालाई छनौट गर्ने निर्णय गरियो ।
६. आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय गरियो।

यस कार्यपालिका बैठकमा देहाय बमोजिम आर्थिक निर्णय गरियो

| क्र.सं. | नाम र थर | ठेगाना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | हिराकाजी तामाङ | भुम्लु-४ | विपद् व्य.स.मा छलफलका लागि पेश गर्ने | पराल नष्ट भएको |
| २ | सम्भु तामाङ | भुम्लु-८ | रु.१००००/- | घाटीमा क्यान्सर रोगबाट पिडित भएको |
| ३ | सुभद्रा लामा | भुम्लु-८ | रु.१००००/- | निजलाई स्वास्थ्य समस्या भएको |
| ४ | कुमार सार्की | भुम्लु-४ | रु.१००००/- | निजको श्रीमति शान्ता सार्की रोक्का घाँस दाउरा संकलन गर्ने क्रममा चिप्लिएर लडी बाँया खुट्टाको दुवै हड्डी भाचिएको |
| ५ | सुन्दर श्रेष्ठ | भुम्लु-१० | रु.१००००/- | मिति २०८०/१२/०१ गते ग्यास लिक भएर आगलागीमा निजको छोरी प्रविशा अर्याल घाइते भै किर्तिपुर वर्न अस्पतालमा उपचार भैरहेको |
| ६ | वलराम तामाङ | भुम्लु-४ | रु.१००००/- | श्वासप्रस्वास रोगबाट ग्रसित भएको |
| ७ | निर्मला तामाङ | भुम्लु-१० | रु.१००००/- | मिति २०८०/१२/०१ गते ग्यास लिक भएर आगलागीमा निज घाइते भै किर्तिपुर वर्न अस्पतालमा उपचार भैरहेको |
| ८ | खेम बहादुर श्रेष्ठ | भुम्लु-१ | रु.१००००/- | मिति २०८०/११/०३ गते निजको छोरा किरण श्रेष्ठले विष सेवन गरी मृत्यु भएकोले पोष्टमार्टम र गाडी भाडामा भएको खर्च |
| ९ | ताराराज गिरी | भुम्लु-१ | रु.१००००/- | निजको छोरी प्रमिला गिरीको खुट्टाको अप्रेशन |

शान्ती कुमारी

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | भएको |
| १० | डम्बर बहादुर वि.क. | भुम्लु-१ | रु.१००००/- | निजको छोरा सिजन गजमेर दुर्घटनामा परी खुट्टाको अप्रेशन गरी स्टील राखिएको र उक्त स्टिल निकाल्न धेरै खर्च लाग्ने भएको |
| ११ | रविलाल गिरी | भुम्लु-१ | रु.१००००/- | निजको छोरा शिवराज गिरी रुखबाट लडेर हात भाचिएको |
| १२ | कृष्ण बहादुर श्रेष्ठ | भुम्लु-१ | रु.१००००/- | निजको छोरा लिला बहादुर श्रेष्ठको खुट्टामा घाउ भई अप्रेशन गर्नुपर्ने भएको |
| १३ | कुमार परियार | भुम्लु-६ | विपद्.व्य.स.मा छलफलका लागि पेश गर्ने | मिति २०८०/११/१२ गते आगोलागी घरमा रहेको टेलर,कपडा, न्याक क्षति भएको |
| १४ | मिकमार तामाङ | भुम्लु-३ | रु.१००००/- | निजको बुवा लाल सिंह तामाङ क्यान्सर रोगबाट पिडित भएको |
| १५ | सिता तामाङ | भुम्लु-७ | रु.१००००/- | निज बिरामी भई वीर अस्पतालमा उपचारर्थ रहेको |

७. सवारीसाधन मर्मत निरीक्षण समिति तपसिल बमोजिम गठन गरियो।

संयोजक - श्री मोतिलाल तामाङ

सदस्य – श्री सुजन भण्डारी

सदस्य सचिव – श्री धन बहादुर बयक

८. मिति २०८०/१२/२० गते भुम्लु गाउँपालिका शिक्षा समितिको बैठकमा विद्यालय समायोजन गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

९. यस गाउँपालिकाको स्थानीय पाठ्यपुस्तक अनुमोदन गर्ने निर्णय गरियो।

१०. भुम्लु गान रेकर्डीङको संगितकारहरुको सुचिकृतका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो।

११. अखिल नेपाल राष्ट्रिय विद्यार्थी युनियन जिल्ला कार्यसमिति काभ्रेपलाञ्चोक अध्यक्ष मिलन गौतमले यस गाउँपालिका समेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा दायर गरेको उत्प्रेषण समेतको रिट निवेदनको प्रतिउत्तर दिन, प्रमाण पेश गर्न र बहस पैरवी गर्न यस गाउँपालिकाको तर्फबाट अधिवक्ता राजु लामालाई अख्तियारी दिने निर्णय गरियो।

१२. विविध ।

क) भुम्लु गा.पा. वडा नं.२ सिम्थलीमा अस्थायी प्रहरी चौकी स्थापनाको लागि सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो।

ख) महिला प्रहरी माग गर्न सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो।

ग) भुम्लु गा.पा. वडा नं.२ स्थित सिम्थली निर्माण सेवा प्रा.लि. लाई 'घ' वर्गको इजाजत-पत्र दिने निर्णय गरियो।

घ) भुम्लु गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

ङ) वडा नं.१,२,३,९ र १० को वडा कार्यालय भवनको दोस्रो तल्ला थपका लागि सम्बन्धित कन्सट्रक्सन कम्पनीलाई मिति २०८१/०२/३२ गते सम्म म्याद थप गर्ने निर्णय गरियो।

च) वडा नं. ७ को वडा कार्यालय भवन निर्माण कार्यका लागि सम्बन्धित कन्सट्रक्सन कम्पनीलाई मिति २०८०/०२/३२ गते सम्म म्याद थप गर्ने निर्णय गरियो।

छ) यस गाउँपालिका भित्र सञ्चालित एम्बुलेन्सहरु तोकिएको वडा कार्यालयको मातहतमा रही नियमन गर्ने गरी संचालन गर्ने निर्णय गरियो।

ज) टि.बी. फ्रि गाउँपालिकाको लागि पालिकास्तरीय समिति गठन निर्णय गरियो।

CamScanner

भुम्लु गाउँकार्यपालिका बैठक आ.व: २०८०।८१ बैठक सङ्ख्या:२७ मिति २०८० चैत्र २५

झ) वडा नं. ९ बाट प्राप्त देहायका योजनाहरु बजेट विनियोजन गर्ने योग्य रहेको निर्णय गरियो।

| क्र.सं. | योजना | कैफियत |
|---|---|---|
| १ | इन्द्रावती बुद्धथुम्का सिंचाई लिफ्टिङ | |
| २ | ५० किलो कोलाचौर पक्की मोटरबाटो निर्माण | |
| ३ | ५२ किलो धैरेनी मोटरबाटो पक्की नाली तथा ग्रावेल | |
| ४ | ५० किलो पक्की पुल निर्माण | |
| ५ | एम्बुलेन्स सेवा – भुम्लु-९ | |
| ६ | इन्द्रावती कोलाचौर लिफ्टिङ सिंचाई योजना | |
| ७ | मालिखर्क माथिल्लो पिङगोला बागदेवी मोटरबाटो स्तरोन्नति | |
| ८ | चिसापानीटार हुदै भञ्याङ जुगेपानी मोटरबाटो स्तरोन्नति | |
| ९ | थापाटोल माथिल्लो पिङगोला मोटरबाटो स्तरोन्नति | |